नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी ,भक्तपुर

# युवामैत्री स्थानीय तह विकासका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६

स्वीकृत मितिर०७६।५।२६

**१.प्रस्तावना :**

राष्ट्रिय युवा परिषद्को आ.ब.२०७६।०७७को लागि स्वीकृत बार्षिक कार्यक्रममा व्यवस्था भएको युवा मैत्री स्थानीय **स्थानीय तह विकासका लागि प्रोत्साहन कार्यक्रम** अन्तर्गत पालिकाहरुलाई युवा मैत्री स्थानीय तहका सूचकको आधारमा मुल्यांकन गरी प्रोत्साहन गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि यो कार्यविधि तयार गरिएको छ ।

**२.संक्षिप्त नाम र प्रारम्भ** :(१)यो कार्यविधिको नाम **युवामैत्री स्थानीय तह विकासका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७६** रहेको छ ।

(२ ) यो कार्यविधि कार्यकारी समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**३.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) "मन्त्रालय" भन्नाले प्रदेश सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ।

(ख) "युवा" भन्नाले सोह्र देखि चालीस वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले पालिकाहरुको सहभागितामा यस कार्यविधि बमोजिम सञ्चालन हुने युवा लक्षित कार्यक्रमलाई सम्झनु पर्दछ ।

(घ) "मूल्याङ्कन समिति" भन्नाले यो कार्यविधिको दफा ७बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ङ) "स्थानीय तह " भन्नाले महानगरपालिका,उपमहानगरपालिका,नगरपालिका र गाउँपलिकालाई सम्झनुपर्दछ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ज) "विज्ञ " भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ

**५. सूचना प्रकाशन, प्रचार प्रसार तथा निवेदन सङ्कलन** : परिषदबाट युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रममा सहभागी हुनका लागि आवश्यक कागजात र प्रक्रिया लगायतका विवरणहरू खुलाई

परिषद्को सूचनापाटी, वेभ साईट तथा केन्द्रीय स्तरको राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।साथै यो कार्यक्रमको प्रदेशस्तरीय समन्वयका लागि सात वटै प्रदेशका सामाजिक विकास मन्त्रालयहरुमा र जिल्ला युवा समितिका अध्यक्ष मार्फत स्थानीय तहहरुमा सूचना तथा पत्राचार गरिनेछ ।आवश्यक समन्वयको लागि जिल्ला युवा समितिका अध्यक्षहरुलाई अभिमुखिकरण गरिनेछ ।

**६. युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम सञ्चालन प्रक्रिया** : यो कार्यक्रम सञ्चालन गर्नका लागि देहाय अनुसारको प्रक्रिया अपनाउनु पर्ने छ :-

(१) युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रममा सहभागी हुनका लागि निर्धारित फाराम भरी त्यसमा उल्लेखित सूचकहरुसँग सम्वन्धी प्रमाणका कागजपत्रहरुको प्रमाणित प्रतिलिपि सहितको फाईल तोकिएको समय सीमा भित्र परिषदमा पेश गर्नु पर्नेछ ।

(२) परिषदमा प्राप्त सबै प्रक्रिया पुगेका स्थानीय तहका फाईलहरुको मूल्यांकनका लागि मूल्यांकन समिति गठन गरिनेछ ।

(३) मूल्यांकन समितिले आवश्यक ठानेमा स्थानीय तहबाटवाट युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रममा पेश भएका विवरणहरुको स्थलगत अनुगमन गरी रुजु गर्न सक्नेछ ।

(४) मुल्यांकन समितिले प्राप्त फारामहरु मुल्यांकन गरी प्रदेशगत रुपमा समष्टीगत प्रतिवेदन तयार गर्नुपर्नेछ।

(५) मूल्यांकन समितिले प्रत्येक प्रदेशबाट सबभन्दा बढी अंक प्राप्त गर्ने १/१ (एक/एक) स्थानीय तह गरी ७ (सात) वटा स्थानीयतहहरुको नाम कार्यकारी समितिमा सिफारिश गर्नेछ ।

(६) कार्यकारी समितिको निर्णयानुसार प्रत्येक प्रदेशमा पहिलो स्थान हासिल गर्ने स्थानीयतहलाई परिषदले एक समारोहको आयोजना गरी कार्यविधिमा समावेश भएको ढाँचामा प्रमाणपत्र तयार गरी प्रोत्साहन पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ।

**७. युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमको मूल्याङ्कन समिति :** युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रममा मूल्याङ्न समिति गठन र पारिश्रमिकको व्यवस्था देहाय अनुसार हुनेछ

(१) युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमको प्रदेशगत रुपमा छनौट तथा सिफारिश गर्न देहाय अनुसारको एक समितिको गठन गरीने छ :-

| | |
|---|---|
| क.विश्वविद्यालयका प्राध्यापकहरु मध्येबाट राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको १ जना | - संयोजक |
| ख.राष्ट्रिय युवा परिषद कार्यकारी समितिले तोकेको युवा सम्बन्धी विज्ञ | - सदस्य |
| ग.युवा तथा खेलकुद मन्त्रालयका उपसचिव स्तरको प्रतिनिधि | - सदस्य |
| घ.संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको उपसचिवस्तरको प्रतिनिधि | - सदस्य |
| ङ. कार्यकारी प्रमुख, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल | - सदस्य |
| च. कार्यकारी प्रमुख, नेपाल नगरपालिका संघ | - सदस्य |
| छ.योजना तथा वैदेशिक समन्वय शाखा प्रमुख | -सदस्य सचिव |

(२) मूल्याङ्कन समितिका सदस्यहरूलाई नियमानुसारको बैठक भत्ता उपलब्ध गराइने छ ।

(३) यो कार्यक्रम सम्बन्धी मूल्यांकन र अन्य कार्यका लागि कार्यकारी समितिको निर्णयानुसार पारिश्रमिक उपलब्ध गराईनेछ ।

**८. युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमको मूल्याङ्कन प्रक्रिया :** (१) राष्ट्रिय युवा परिषदले स्वीकृत गरेका युवा मैत्री स्थानीय तह दिग्दर्शन २०७५ को अनुसुचि २ मा उल्लेखित मापन सम्वन्धी प्रत्येक सूचकहरुमा उल्लेखित अंक र प्रमाणका आधारमा कुल पुर्णाङ्क १०० ( एक सय) मानी स्थानीय तहको मूल्यांकन गरिनेछ ।

(२) समितिले गरेको मूल्याङ्कन अन्तिम हुने छ ।यस उपर कुनै पुनरावेदन हुने छैन तर मूल्यांकन समितिको मूल्यांकन प्रमाणित आधार तथा तथ्यमा आधारित हुनुपर्ने छ ।

(३)यस कार्यविधिमा उल्लेख नभएका मूल्याङ्कनसम्बन्धी अन्य प्रक्रिया मूल्याङ्कन समिति आफैले निर्धारण गर्न सक्नेछ।

(४)मूल्यांकन समितिले स्थानीय तहका कुनै विवरणहरुमा मुनासीव माफिकको पुष्टयाँई माग गर्न सक्नेछ ।

(५)मूल्यांकन समितिले आफ्नो समष्टिगत मूल्यांकन प्रतिवेदन कार्यकारी समिति समक्ष सिफारिस सहित पेश गर्नेछ ।

**९. युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमको पुरस्कार तथा सम्मान :** (१)युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रमको प्रत्येक प्रदेशमा प्रथम हुने स्थानीय तहलाई अन्तर्राष्ट्रिय युवा दिवसको समारोहमा सम्मानपत्र सहित रु ५,००,०००।(पाँच लाख) नगद रकम प्रोत्साहन स्वरूप प्रदान गरिने छ ।

(२) पुरस्कार प्राप्त गर्ने स्थानीय तहहरुले उक्त रकम युवा विकास सम्वन्धी कार्यमा खर्च गर्नु पर्नेछ ।

**१०. दावी विरोधका लागि सूचना प्रकाशन**

(१)परिषदले मूल्यांकन समितिबाट सिफारिश भएका स्थानीयतहको नतिजा उपर दावी विरोधका लागि १५ दिनको समय दिई सूचना प्रकाशन गर्नेछ ।सूचनामा तोकिएको म्याद भित्र परेका निवेदन उपर छानविन गर्न गठित समितिले छानवीन गर्न गर्नेछ ।

(२)छानवीन समिति देहाय बमोजिम रहनेछ ।

| | | |
|---|---|---|
| क. | कार्यकारी उपाध्यक्ष राष्ट्रिय युवा परिषद | अध्यक्ष |
| ख. | युवा तथा खेलकुद मन्त्रालयका उपसचिव प्रतिनिधि | सदस्य |
| ग. | प्रशासकीय प्रमुख राष्ट्रिय युवा परिषद | सदस्य |

(३) छानवीन समितिले उजूरीको म्याद समाप्त भएको मितिले १५ दिन भित्र आफ्नो काम सम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**११.फाराम तथा प्रमाण पत्रको नमूना** :

(१) यो कार्यक्रम सञ्चालनको क्रममा प्रयोग गरिने फाराम तथा प्रमाण पत्रहरुको नमूना अनुसूचिमा राखिएको छ ।

१२.बाधा अडकाउ फुकाउनेः यो कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आईपरेमा कार्यकारी समितिले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१३.विविध :** यस कार्यविधिमा उल्लेख नभएका विषय तथा  प्रक्रियाहरू प्रचलित ऐन, कानून बमोजिम हुनेछन् ।

पालिकाको नाम ................................... प्रदेश .................... जिल्ला ...............

| क.सं. | सूचकहरु | मापनको विधि | | | | कुल अंक | पुष्ट्याँईको आधार |
|---|---|---|---|---|---|---|---|
| **१** | **शिक्षा सम्बन्धी सूचकहरु** | | | | | | |
| १.१ | स्थानीय सरकार भित्रका निरक्षर युवाको प्रतिशत | १% भन्दा कम (४ अंक) | १ % देखि ५ % सम्म (३ अंक) | ५ % देखि १० % सम्म (२अंक) | १० % भन्दा वढी भएमा (१अंक) | ४ | |
| | | | | | | | |
| १.२ | शिक्षा सम्बन्धी नीति, मापदण्ड निर्माण समितिमा युवाको प्रतिनिधित्व | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| १.३ | सीपमूलक प्राविधिक शिक्षा प्राप्त गर्ने युवाको प्रतिशत | ५०% भन्दा वढी (४ अंक) | ४० % देखि ५० %सम्म (३ अंक) | ३०% देखि ४०% सम्म (२ अंक) | ३० % भन्दा कम (१ अंक) | ४ | |
| | | | | | | | |
| १.४ | गाउँ तथा नगर शिक्षा समितिमा युवाको प्रतिनिधित्व | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| १.५ | विद्यालय व्यवस्थापन समितिमा युवा पदाधिकारीको प्रतिशत | ४०% भन्दा वढी (२ अंक) | ३०% देखि ४०% सम्म (१.५ अंक) | २० % देखि ३०% सम्म (१ अंक) | २०% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| १.६ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक संस्था | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| १.७ | शिक्षामा विनियोजित निसर्त बजेट % | १५% वढी ( २ अंक) | १० % देखि १५ % सम्म (१.५ अंक) | ५%देखि १० %सम्म (१ अंक) | ५ % भन्दा कम ( ०.५ अंक) | २ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | **स्वास्थ्य सम्बन्धी सूचकहरु** | | | | | | |
| २.१ | एचआईभी संक्रमित युवाको प्रतिशत | १% भन्दा कम (२ अंक) | १ % देखि ५% सम्म (१.५ अंक) | ५ % देखि १० % सम्म (१ अंक) | १० % भन्दा वढी (०.५ अंक) | २ | |
| | | | | | | | |
| २.२ | स्वास्थ्य सम्बन्धी समितिहरुमा युवा प्रतिनिधित्व | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| २.३ | प्रजनन स्वास्थ्य सेवा लिने युवाको प्रतिशत | ८०% भन्दा वढी (२ अंक) | ५० % देखि ८० % सम्म (१.५अंक) | ३० % देखि ५०% सम्म (१अंक) | ३०% भन्दा कम (०.५अंक) | २ | |
| | | | | | | | |
| २.४ | प्रजनन् स्वास्थ्य तथा यौनिक शिक्षा सम्बन्धी तालिम (Orientation) प्राप्त युवा युवतीको प्रतिशत | १० % भन्दा बढी (२ अंक) | ७ % देखि १० % सम्म (१.५ अंक) | ३ % देखि ७% सम्म (१ अंक) | ३% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| २.५ | युवाको अगुवाई र सहभागितामा भएका स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संख्या | ४ र सो भन्दा बढी (४ अंक) | ३ वटा भएमा (३ अंक) | २ वटा भएमा (२ अंक) | १ वटा भएमा (१ अंक) | ४ | |
| | | | | | | | |
| २.६ | सुरक्षित प्रसुती सेवा लिने युवा महिलाको प्रतिशत | ८०% भन्दा वढी (२ अंक) | ५० % देखि ८०% सम्म (१.५ अंक) | ३०% देखि ५०% सम्म (१ अंक) | ३०% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| २.७ | मातृ मृत्यु दर प्रति लाख | १% भन्दा कम (२ अंक) | १ % देखि ५%सम्म (१.५ अंक) | ५ % देखि १०%सम्म (१ अंक) | १०% भन्दा वढी (०.५ अंक) | २ | |
| | | | | | | | |
| २.८ | स्वास्थ्य क्षेत्रमा नि:सर्ततर्फ विनियोजित वजेट प्रतिशत | १०% भन्दा वढी (२ अंक) | ७ % देखि १० % सम्म (१.५ अंक) | ४%देखि ७ %सम्म (१ अंक) | ४ % भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | **उद्यमशीलता र रोजगारी** | | | | | | |
| ३.१ | स्थानीय स्तरमा स्वरोजगार ( उद्यम वा व्यवसाय सञ्चालन गर्ने) युवाको प्रतिशत | ६०% भन्दा वढी (४ अंक) | ४०% देखि ६०%सम्म (३ अंक) | २०% देखि ४०%सम्म (२अंक) | २०% भन्दा कम (१ अंक) | ४ | |
| | | | | | | | |
| ३.२ | कुल रोजगार युवाको प्रतिशत | ६०% भन्दा बढी (४अंक) | ४० % देखि ६०% सम्म (३ अंक) | २० % देखि ४० % सम्म (२अंक) | २० % भन्दा कम (१. अंक) | ४ | |
| | | | | | | | |
| ३.३ | स्थानीय तहको नि:सर्त तर्फको वार्षिक बजेट मध्ये युवा उद्यमशिलताका लागि विनियोजित गरिएको रकमको प्रतिशत | ६% भन्दा बढी (४ अंक) | ४ % देखि ६% सम्म (३ अंक) | २% देखि ४% सम्म (२ अंक) | २ % भन्दा कम (१ अंक) | ४ | |
| | | | | | | | |
| ३.४ | रोजगार सूचना केन्द्रमा आउने युवाको प्रतिशत | ८०% भन्दा वढी (२ अंक) | ६० % देखि ८०%सम्म (१.५ अंक) | ४० % देखि ६०%सम्म (१ अंक) | ४०% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| ४. | **युवा परिचालन, सहभागीता र नेतृत्व विकास** | | | | | | |
| ४.१ | सबै वडामा युवा क्लबको गठन | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| ४.२ | युवा स्वयंसेवक शिक्षकको परिचालन भएका विद्यालयको प्रतिशत | ३० % भन्दा वढी (२ अंक) | २० % देखि ३० % सम्म (१.५ अंक) | १० % देखि २० % सम्म (१ अंक) | १०%भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.३ | युवा स्वयंसेवकको लागि विनियोजन गरिएको बजेटको प्रतिशत | ३% भन्दा बढी (४ अंक) | २%देखि ३ % सम्म (३ अंक) | १%देखि २ % सम्म २% | १ % वा सो भन्दा कम ( १अंक) | ४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | (२ अंक) | | | |
| | | | | | | | |
| ४.४ | विभिन्न क्षेत्रमा परिचालित युवा स्वयंसेवकको प्रतिशत | १० % भन्दा वढी<br>(२ अंक) | ७ % देखि १०% सम्म<br>(१.५ अंक) | ५ % देखि ७%सम्म<br>(१ अंक) | ५ % भन्दा कम<br>(०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.५ | तालिम वा अभिमुखीकरण प्राप्त स्वयंसेवकको प्रतिशत | २५ % भन्दा बढी<br>(२ अंक) | १५ % देखि २५% सम्म<br>(१.५ अंक) | ५ % देखि १५% सम्म<br>(१ अंक) | ५ % भन्दा कम<br>(०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.६ | विपत् व्यवस्थापन सम्बन्धी तालिम वा अभिमुखीकरण लिएका युवाको प्रतिशत | १५ % भन्दा बढी<br>(२ अंक) | १० % देखि १५% सम्म<br>(१.५ अंक) | ५ % देखि १०% सम्म<br>(१ अंक) | ५ % भन्दा कम<br>(०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.७ | स्थानीय विपद् व्यवस्थापन समितिमा युवा सञ्जालको प्रतिनिधित्व | छ<br>(२ अंक) | छैन<br>(० अंक) | | | २ | |
| | | | | | | | |
| ४.८ | गाउँपालिका/नगरपालिका स्तरीय युवा सञ्जाल गठन | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| ४.९ | तालिम/अभिमुखीकरण प्राप्त युवा सञ्जालका पदाधिकारीको प्रतिशत | ८० % भन्दा वढी<br>(२ अंक) | ६० % देखि ८० % सम्म (१.५ अंक) | ४० देखि ६० % सम्म<br>(१ अंक) | ४० %भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.१० | स्थानीय तहमा निर्वाचित युवाको प्रतिशत | ४० % भन्दा वढी<br>(२ अंक) | ३० % देखि ४० % सम्म<br>(१.५ अंक) | २० % देखि ३० % सम्म<br>(१ अंक) | २० % भन्दा कम<br>(०.५ अंक) | २ | |
| | | | | | | | |
| ४.११ | वस्तीस्तरको योजना तर्जुमा समितिमा सहभागी युवाको प्रतिशत | ४० % भन्दा वढी<br>(४ अंक) | ३० % देखि ४० % सम्म<br>(३ अंक) | २० % देखि ३० % सम्म<br>(२अंक) | २० % भन्दा कम<br>(१अंक) | ४ | |
| ४.१२ | उपभोक्ता समितिका | ४० % भन्दा | ३० % देखि | २० % देखि | २० % भन्दा | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पदाधिकारीमा युवाको सहभागीताको प्रतिशत | वढी (२ अंक) | ४०%सम्म (१.५ अंक) | ३० % सम्म (१ अंक) | कम (०.५ अंक) | | |
| | | | | | | | |
| ४.१३ | योजनाको अनुगमन तथा मूल्यांकन समितिमा युवा सञ्जालको प्रतिनिधित्व | छ (२ अंक) | छैन (० अंक) | | | २ | |
| | | | | | | | |
| **५.** | **खेलकुद तथा मनोरञ्जन** | | | | | | |
| ५.१ | खेलकुद मैदान भएको विद्यालयको प्रतिशत | ८०% भन्दा वढी (२ अंक) | ६० % देखि ८०%सम्म (१.५ अंक) | ४० % देखि ६०% सम्म (१ अंक) | ४०% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| ५.२ | शैक्षिक संस्थामा बाहेक सार्वजनिक खेल मैदान भएका वडाको प्रतिशत | ८०% भन्दा वढी (४ अंक) | ६० % देखि ८०% सम्म (३ अंक) | ४० % देखि ६०% सम्म (२ अंक) | ४०% भन्दा कम (१ अंक) | ४ | |
| | | | | | | | |
| ५.३ | खेल शिक्षकको जिम्मेवारी दिइएका विद्यालयको प्रतिशत | ८०% भन्दा माथि (२ अंक) | ६० % देखि ८०% सम्म (१.५ अंक) | ४० % देखि ६०% सम्म (१ अंक) | ४०% भन्दा कम (०.५ अंक) | २ | |
| | | | | | | | |
| ५.४ | एक वर्षमा वडास्तरीय तथा गाउँपालिका वा नगरपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | भएको (२ अंक) | नभएको (०अंक) | | | २ | |
| | | | | | | | |
| ५.५ | खेलकुद क्षेत्रका लागि विनियोजित बजेटको प्रतिशत | ३% भन्दा बढी (४ अंक) | २% देखि ३ %सम्म (३ अंक) | १%देखि २ %सम्म (२ अंक) | १ % भन्दा कम (१ अंक) | ४ | |
| | | | | | | | |
| ५.६ | स्थानीय तहमा भएका सार्वजनिक मनोरञ्जनस्थल/ उद्यान संख्या | सबै वडामा १/१ वटा (२ अंक) | ५० % वडामा भएमा (१.५ अंक) | २५ % देखि ५०% सम्म वडामाभएमा (१ अंक) | २५% भन्दा कम वडामा भएमा (०.५ अंक) | २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ५.७ | अन्तर स्थानीय तहका प्रतियोगितामा जितेको प्रतियोगिताको संख्या | ४र सो भन्दा वढी (४ अंक) | ३ वटा (३ अंक) | २ वटा (२ अंक) | १ वटा (१ अंक) | ४ | |
| | | | | | | | |
| | **जम्मा प्राप्तांक** | | | | | | |

पालिकाको अवस्था : क. निकै सुधार गर्नुपर्ने: ( ० -४० अंक ) ख. युवा मैत्री उन्मुख: ( ४० -६० अंक )
ग. युवा मैत्री निकट: ( ६० -८० अंक ) घ . युवा मैत्री स्थानीय तह(८० अंक भन्दा माथि )

पुनश्च : पुष्टयाँईको आधार सम्वन्धी कागजपत्रहरुमा सम्वन्धित पालिकाको प्रमुख वा प्रशासकीय प्रमुखवाट प्रमाणित हुनुपर्नेछ ।

..........................
तयार गर्ने
नाम
पद :
मिति :

..........................
प्रमाणित गर्ने
नाम :
पद :
मिति :

**पालिकाको छाप**

# नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद
# सानोठिमी भक्तपुर

## युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम

**एकीकृत मूल्याङ्कन फाराम**

| क्र. सं. | पालिकाको नाम | जिल्ला | प्राप्ताङ्क | | | | | जम्मा | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्तम्भ १ (१८) | स्तम्भ २ (१८) | स्तम्भ ३ (१४) | स्तम्भ ४ (३०) | स्तम्भ ५ (२०) | अंकमा (१०० ) | अक्षरमा | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५. | | | | | | | | | | |
| ६. | | | | | | | | | | |
| ७. | | | | | | | | | | |
| ८. | | | | | | | | | | |
| ९. | | | | | | | | | | |
| १०. | | | | | | | | | | |

............................ ............................ ............................

मूल्याङ्कनकर्ताको दस्तखत　　　मूल्याङ्कनकर्ताको दस्तखत　　　मूल्याङ्कनकर्ताको दस्तखत

नाम :- .............................　　　नाम :- ..........................　　　नाम :- ...........................

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद

सानोठिमी भक्तपुर

# सम्मान- पत्र

श्री ............................ पालिका

..................................

राष्ट्रिय युवा परिषद्को आयोजनामा सञ्चालित **'युवा मैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम अन्तर्गत युवा मैत्री स्थानीय तहका सूचकहरुमा आधारीत मूल्यांकनमा........... अंक प्राप्त गरी** **........................ प्रदेशस्तरमा प्रथम** स्थान हासिल गर्न सफल भएकोमा हार्दिक वधाई ज्ञापन गर्दै प्रोत्साहन स्वरुप नगद रु.५,००,०००/- (पाँच लाख रुपैयाँ) सहित यो सम्मान-पत्र प्रदान गरिएको छ । आगामी दिनमा युवाको नेतृत्व विकास,सहभागिता र परिचालन सम्वन्धी कार्यमा थप सक्रियताको कामना गर्दछौ ।

| ................................. | ......................................... | ............ |
|---|---|---|
| प्रशासकीय प्रमुख | कार्यकारी उपाध्यक्ष | प्रमुख अतिथि |
| राष्ट्रिय युवा परिषद् | राष्ट्रिय युवा परिषद् | |

मिति :- २०७७/ /